**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल**
**आदेश**

०७९-WO-१०८२

विषयः-उत्प्रेषणसमेत।

जिल्ला रामेछाप मन्थली नगरपालिका वडा नं.९ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका टिकाराज आरणको छोरा ज्ञानेन्द्रराज आरण..................१
जिल्ला गोरखा अजिरकोट गाउँपालिका वडा नं.३ निवासी सशस्त्र द्वन्द्व कालमा हत्या गरिएका शिवप्रसाद अधिकारीको छोरी स्वस्तिका अधिकारी..१
जिल्ला गोरखा साविक सिरानचोक गाउँपालिका वडा नं.४ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका नरबहादुर देवकोटाको छोरी निलम देवकोटा...१
गोरखा जिल्ला बारपाक सुलीकोट गाउँपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका इन्द्रबहादुर गुरुङको छोरी चन्द्र गुरुङ संप्रौला.१
जिल्ला ओखलढुंगा खिजिदेम्बा गाउँपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका दिलिपकुमार रोका क्षेत्रीको पत्नी जमुना रोका.१ **निवेदक**
जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं.६ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका हिरण्यलाल पाध्याको छोरी सावित्री शर्मा चिलुवाल...........१
जिल्ला गोरखा सुलिकोट गाउँपालिका वडा नं.४ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका नन्दलाल कोइरालाको पत्नी जनक कुमारी कोइराला........१
जिल्ला भोजपुर रामप्रसाद राई गाउँपालिका वडा नं.३ निवासी सशस्त्र द्वन्द्वकालमा लुटपाट गरिएकी कमला राई तिमल्सेना..........................१
जिल्ला रामेछाप खाँडादेवी गाउँपालिका वडा नं.९ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका ध्रुव भण्डारीको पत्नी मैंया भण्डारी...............................१
बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं.३ निवासी सशस्त्र द्वन्द्वकालमा

हत्या गरिएका भूमीराज गौतमको छोरा बद्री बहादुर के.सी. ..................१
जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.१५ निवासी सशस्त्र द्वन्द्व कालमा अंगभंग पारिएका गोविन्द अधिकारीको छोरा दुदराज अधिकारी....१
चितवन जिल्ला माडी नगरपालिका वडा नं.७ निवासी सशस्त्र द्वन्द्वकालमा अंगभंग पारिएका कुलप्रसाद अधिकारीको छोरा लेखनाथ अधिकारी..........१
जिल्ला तनहुँ भानु नगरपालिका वडा नं.११ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका श्रीधर भट्टराइको पत्नी राधिका भट्टराई..................................१
जिल्ला नुवाकोट बेलकोटगढी नगरपालिका वडा नं.११ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका बलराम तिवारीको छोरी हिराकुमारी तिवारी....१
जिल्ला सिन्धुपाल्चोक डाँडापाखर गाउँपालिका वडा नं.७ निवासी सशस्त्र द्वन्द्वकालमा अंगभंग पारिएका बखत बहादुर के.सी.को छोरा श्यामसुन्दर के.सी. ..........................................................................१
जिल्ला सोलुखुम्बु सोताङ गाउँपालिका वडा नं.१ निवासी सशस्त्र द्वन्द्वकालमा दोहोरो मारमा पारिएका बल बहादुर गुरुङको छोरा प्रेम कुमार गुरुङ........१

०७९-WO-१०८३

विषयः-उत्प्रेषणसमेत।

जिल्ला गोरखा गण्डकी गाउपालिका वडा नं.४ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका नाबालक कृष्णप्रसाद अधिकारीको आमा गंगामायाँ अधिकारी.१ निवेदक

०७९-WO-१०८४

विषयः-उत्प्रेषण।

सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.७ निवासी रिता कार्की...................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार बाँके जिल्ला नेपालगंज नगरपालिका वडा नं.१० निवासी शोभा बि.सि. ....................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार सुर्खेत जिल्ला साविक उत्तरगंगा वडा नं.८ निवासी रामकुमारी थापा.........................१ निवेदक
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार भोजपुर जिल्ला ट्याम्केमैयुम गाउँपालिका वडा नं.५ निवासी भगवती खतिवडा.......१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार दोलखा जिल्ला भिमेश्वर नगरपालिका वडा नं.६ निवासी लक्ष्मी ढुंगेल................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार धादिङ जिल्ला त्रिपुरासुन्दरी गाउँपालिका वडा नं.३ निवासी मैनादेवी थापा...................१

सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार दाङ जिल्ला बबई गाउँपालिका वडा नं.७ निवासी हिमकुमारी घले..........................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार सोलुखुम्बु जिल्ला दुधकौशिका गाउँपालिका वडा नं.२ निवासी सरस्वती बस्नेत..........१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार रूकुम जिल्ला भुमे गाउँपालिका वडा नं.९ निवासी तारा बिष्ट..................................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार बाँके जिल्ला खजुरा नगरपालिका वडा नं.३ निवासी एकमायाँ विश्वकर्मा..................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार सर्लाही जिल्ला बागमती नगरपालिका वडा नं.६ निवासी अम्बिका पोखरेल कार्की....१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार बारा जिल्ला निजगढ नगरपालिका वडा नं.६ निवासी बिनादेवी दाहाल......................१
सशस्त्र द्वन्दकालमा मारिएका राष्ट्रसेवक सुरक्षाकर्मीको परिवार नवलपरासी जिल्ला वर्दघाट सुस्तापूर्व कावासोती नगरपालिका वडा नं.८ निवासी अमृता सिग्देल..........................................................................१

०७९-WO-१०८९

विषय:-उत्प्रेषण।

रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.१२ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका भुवानसिं बुढाथोकीको छोरा कल्याण बुढाथोकी.........१
अछाम जिल्ला रामारोशन गाँउपालिका वडा नं.४ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका रंगनाथ उपाध्याय न्यौपानेको छोरा धर्मराज न्यौपाने...१
बागलुङ जिल्ला ताराखोला गाउँपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका रविलालको छोरा नन्दराम कँडेल........................१
रामेछाप जिल्ला लिखुतामाकोशी गाउँपालिका वडा नं.१ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका छविरमणको छोरा रमेशकुमार वाग्ले.....१ निवेदक
गोरखा जिल्ला आरुघाट गाउँपालिका वडा नं.८ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका भिमप्रसाद सापकोटाको छोरा विनोद सापकोटा.........१
रामेछाप जिल्ला मन्थली नगरपालिका-११ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका खड्गबहादुर बुढाथोकीको पत्नी पम्फा बुढाथोकी......१
रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.१२ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका भुवान सिंह बुढाथोकीको छोरा शिवकुमार बुढाथोकी...१
धनुषा जिल्ला छिरेश्वर नगरपालिका वडा नं.६ निवासी सशस्त्र द्वन्दकालमा

विस्थापित बनाइएका बालाप्रसाद गिरीको छोरा चिरञ्जिवी विवास गिरी......१
रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.१२ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका भुवानसिं बुढाथोकीको छोरा शंकरबहादुर बुढा.........१
अछाम जिल्ला रामारोशन गाउँपालिका वडा नं.४ निवासी सशस्त्र द्वन्दकालमा पीडित लालबहादुरको छोरा नमबहादुर बोहरा.....................................१
सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.३ निवासी सशस्त्र द्वन्द्वकालमा हत्या गरिएका शमशेरबहादुर कार्कीको पत्नी पार्वती कार्की......................................................................................१
ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्द्वकालमा विस्थापित बनाइएकी चेतमान सिहको छोरी गिताकुमारी स्वार..१
मकवानपुर जिल्ला बकैया गाँउपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका शरणबहादुरको छोरा गणेशबहादुर भण्डारी.............१
रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.१२ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका शेर गम्भीर सिं अधिकारीको छोरा उज्जवल गम्भीर सिंह अधिकारी..............................................................................................१
काभ्रे जिल्ला बेथानचोक गाउँपालिका वडा नं.३ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका रुद्रप्रसादको छोरा प्रेमप्रसाद घिमिरे.......................१
मकवानपुर जिल्ला बकैया गाउँपालिका वडा नं.५ निवासी सशस्त्र द्वन्द्वकालमा विस्थापित बनाइएको जयबहादुर कार्कीको छोरी ज्ञानुकुमारी भण्डारी.........१
रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.१२ निवासी सशस्त्र द्वन्दकालमा विस्थापित बनाइएका नैनसिंह बुढाथोकीको छोरा शिवकुमार बुढाथोकी.......१

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं..............................................................................................१
सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं..............................................................................................१
मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं...............१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं...................................................१ प्रत्यर्थी
रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं...................................................१
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं............१
संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं.......................................१
सम्माननीय सभामुख, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, काठमाडौं.........१

०७९-WO-१०९०

विषयः-उत्प्रेषण।

सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं.६ बस्ने सशस्त्र द्वन्दमा यातना र यौनजन्य हिंसाको शिकार बनाइएकी पूर्णप्रसाद पौडेलकी पत्नी खगिसरादेवी पौडेल..........................................................................................१ निवेदक

सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका वडा नं.६ बस्ने सशस्त्र द्वन्द्वमा यातना दिइएको शशीधर पौडेलको नाति पूर्णप्रसाद पौडेल...................................१

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं...........................................................................................१

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौं.......................................................................१

मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं.१ प्रत्यर्थी

गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं..................................................१

रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं...............................................१

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.........१

संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं.....................................१

नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार भित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य खण्ड एवम आदेश खण्ड यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. हामी निवेदकहरु तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी र तत्कालीन राज्य पक्षबीच भएको मिति २०५२।११।१ देखि मिति २०६३।८।५ सम्मको १० वर्षे सशस्त्र द्वन्द्व कालमा द्वन्द्वरत पक्षबाट मानवअधिकारको गम्भीर उल्लघंनबाट पीडित व्यक्ति तथा परिवारका सदस्य हौं। सशस्त्र द्वन्द्वमा परी हजारौं अंगभंग, अपाङ्ग तथा घाइते भए, लाखौं विस्थापित भए, हजारौंको सम्पत्ति क्षति, आगजनी, लुटपाट र कब्जा गरियो। हजारौं यातना पीडित, यौनजन्य हिंसा र बलात्कारका शिकार बनाइए, हजारौं अपहरण, चन्दा असुली, श्रम कैदी, मानव ढाल तथा जागिरबाट वञ्चित गरिए, हजारौं व्यक्ति हालसम्म पनि द्वन्द्वरत पक्षबाट बेपत्ता पारिएका अवस्थामा छन। कथित जनयुद्धको प्रारम्भिक दिनमा गरेको हत्या राजनीतिक कार्य नभई कर्तव्य ज्यान मुद्दा लाग्ने फौजदारी प्रकृतिको अपराध थियो। व्यक्ति

हत्या, तोडफोड, आगजनी, लुटपाट र कब्जा लगायतको पृष्ठभुमिमा शुरु भएको रक्तरञ्जित दिन "जनयुद्ध दिवस" उत्सव हुन सक्दैन। सरकारले अवैध आपराधिक कार्यलाई जनयुद्ध दिवसको बिल्ला लगाएर देशव्यापी बिदा दिंदा खुशी मनाउनु लज्जाको विषय हो। नेपालका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले उनकै प्रस्तावमा जनयुद्ध दिवसका दिन सार्वजनिक बिदा दिने निर्णय मन्त्रिपरिषदबाट मिति २०७९।१०।२९ मा पारित गरियो। उक्त मन्त्रिपरिषदको निर्णयानुसार गृह मन्त्रालयले मिति २०७९।११।१ मा सार्वजनिक बिदा दिने सम्बन्धी सूचना जारी गर्‍यो। विपक्षी मन्त्रिपरिषदको निर्णय र गृह मन्त्रालयको सूचना दुबै नेपालको संविधान र कानून विपरीत छन। संविधानले नचिनेको विवादित शब्द "जनयुद्ध" को नाममा सार्वजनिक बिदा दिनु विधिको विडम्बना र कानूनी शासनको खिल्ली उडाउनु हो। विपक्षीहरुबाट २०८० सालको क्यालेन्डरमा समेत "जनयुद्ध दिवस" लाई सार्वजनिक बिदाको रुपमा अंकित गर्दै वर्षेनी यसै गरी मनाउने गरी सुचीकृत गर्ने निर्णय भएको छ। यसरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१०।२९ को "जनयुद्ध दिवस" शब्दावली राखी उक्त दिन सार्वजनिक बिदा दिएको कार्य र यो साल (२०८०) को क्यालेन्डरमा समेत "जनयुद्ध दिवस" लाई सार्वजनिक बिदाको रुपमा अंकित गरी गरेका निर्णयहरु शान्ति सम्झौता, अन्तरिम संविधान, नेपालको संविधान समेतद्वारा अस्वीकृत कानूनी प्रावधान र स्थापित मुल्य मान्यता विपरीत भई त्यस्तो गैरकानूनी निर्णय जसबाट द्वन्द्व पीडितको योगदान र पहिचानको अवमुल्यन भइरहेकोले त्यस्तो गैरसंवैधानिक निर्णय नरोकिदा द्वन्द्व पीडितको पहिचानमा अपुरणीय क्षति पुग्ने, सुविधा र सन्तुलनको सिद्धान्त विपरीत भएको हुँदा "जनयुद्ध दिवस" का नाममा दिइने अवैधानिक बिदालाई निरन्तरता दिने जस्ता गैरकानूनी र गैरसंवैधानिक कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी पाउँ र ती निर्णयमा प्रयुक्त "जनयुद्ध" शब्द उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्नेसमेत व्यहोराको **विभिन्न व्यक्तिको छुट्टाछुट्टै ५ वटा रिट निवेदन।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु। निवेदकहरुले यस अदालतबाट निर्णय भएको सुमन अधिकारी

समेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत भएको रिट नं.०७०-WO-००३२(ने.का.प.२०७३, अंक६, भाग५८, नि.नं.९६१२) को प्रभावकारी कार्यान्वयन गर्न उपयुक्त आदेश जारी गरी पाउँ, "जनयुद्ध दिवस" सरकारी स्तरमा मनाउने गरी आगामी वार्षिक क्यालेन्डरमा उल्लेख गरी सार्वजनिक बिदा दिने निर्णय बदर गरी पाउँ भन्ने मुख्य मागदाबी गरेको देखियो। निवेदकले नेपाल सरकार मन्त्रिपरिषदबाट भएको मिति २०७९।१०।२९ को "जनयुद्ध दिवस" मा सार्वजनिक बिदा दिने तथा मिति २०७९।११।४ मा उक्त सार्वजनिक बिदासमेत नेपाल सरकारको वार्षिक क्यालेन्डरमा उल्लेख गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत माग गरेको देखियो। निवेदकहरुले पेश गरेको निवेदन तथा विद्वान कानून व्यवसायीहरुले बहसको क्रममा मुलतः यस अदालतबाट निर्णय भएको सुमन अधिकारीसमेत भएको नि.नं.९६१२(०७०-WO-००३२) को निवेदनमा भएको आदेश प्रभावकारी रुपमा कार्यान्वयन नभएको, सशस्त्र द्वन्द्वकालका गम्भीर मानवअधिकार उल्लंघनका विषयहरुको औपचारिक प्रक्रिया प्रभावकारी नभएको, विस्तृत शान्ति सम्झौतामा सहमति स्वरुप "सशस्त्र द्वन्द्व" भन्ने शब्दावली प्रयोग भएको, संविधान निर्माणको प्रक्रियामा "जनयुद्ध" भन्ने शब्दावलीमा सम्बन्धित समितिमा मत विभाजन भई सो शब्द नलेख्ने भन्नेमा बढी मत प्राप्त भएको, संविधानको प्रस्तावना लगायतमा "सशस्त्र द्वन्द्व" भन्ने मात्र उल्लेख भएको, यस अदालतको उल्लिखित सुमन अधिकारीसमेत भएको नि.नं.९६१२(०७०-WO-००३२ को प्रकरण नं. ६) मा "जनयुद्ध" भन्ने शब्द प्रयोगका सम्बन्धमा आदेश भईसकेको तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र त्यसका नियमावलीहरुमा "जनयुद्ध" भन्ने शब्द प्रयोग नभई "सशस्त्र द्वन्द्व" भन्ने शब्दहरुको प्रयोग भएको अवस्थामा नेपाल सरकारबाट एकतर्फी रुपमा सशस्त्र द्वन्द्वको क्रममा भएको व्यक्ति बेपत्ता, सत्य निरुपण लगायतका गम्भीर मानवअधिकार उल्लघंनका विषयहरु निरुपण नगरी र मेलमिलापको वातावरण सिर्जना नगरी पिडितहरुको अपेक्षा र मेलमिलापको वातावरणमा प्रभाव पार्ने गरी सार्वजनिक महत्वको विषयवस्तुमा नेपाल सरकारको निर्णयबाट "जनयुद्ध दिवस" भन्ने उल्लेख भएको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ। साथै निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, यस अदालतबाट सुमन अधिकारीसमेत भएको नि.नं. ९६१२ (०७०-WO-००३२ को प्रकरण नं.६) मा "जनयुद्ध" भन्ने शब्दको प्रयोगका सम्बन्धमा

आदेश भईसकेको देखिएको र प्रस्तुत निवेदनमा उठान गरिएको विषयवस्तु सोसँग सम्बन्धित रहेको देखिएकोले यस निवेदनको अन्तिम सुनुवाईको बेला नै सो विषय सम्बोधन हुने प्रकृतिको देखिँदा तत्काल अन्तरिम आदेश जारी गरिरहन परेन भनी **मिति २०७९।१२।२२ को यस अदालतको आदेश।**

३. वि.सं.२०५२ साल फागुन १ गते देखि तत्कालिन केन्द्रिकृत र एकात्मक राज्य व्यवस्था विरुद्ध सशस्त्र युद्ध शुरु भएको गौरवपूर्ण इतिहाससमेतलाई वर्तमान समयमा स्मरण तथा सम्मान गर्न वाञ्छनीय ठानी सो दिनको स्मरणमा यही मिति २०७९ फागुन १ गतेलाई जनयुद्ध दिवसका रुपमा नेपाल राज्यभर सार्वजनिक विदा दिने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७९।१०।२९ मा निर्णय भएको हो। त्यस्तै, आगामी २०८० साल फागुन १ गतेलाई पनि जनयुद्ध दिवसको रुपमा नेपाल राज्यभर सार्वजनिक बिदा दिने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय भए बमोजिम नेपाल राजपत्रको भाग ५, खण्ड ७२, संख्या ६५ को गृह मन्त्रालयको सूचना प्रकाशित भइसकेको छ। नेपाल सरकार, मन्त्रिपरिषदबाट जनयुद्ध दिवस सम्वन्धी भएको उपरोक्त निर्णय बमोजिम नै नेपाल राजपत्रमा सूचना प्रकाशित भएकोले निवेदकको रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भनी **मिति २०८०।१।४ को गृह मन्त्रालयको तर्फबाट लिखितजवाफ।**

४. नेपालको संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा निहित हुनेछ भन्ने व्यवस्था रहेकोमा सोही धाराको उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको हुने व्यवस्था गरेको छ। सो बमोजिम देशको शासन सञ्चालन गर्ने क्रममा बिदा दिने वा नदिने विषयको अधिकारसमेत मन्त्रिपरिषदलाई नै हुने हुँदा यस मन्त्रालयको काम कारबाहीले रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी अधिकार हनन नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी **मिति २०८०।१।६ को रक्षा मन्त्रालयको तर्फबाट लिखितजवाफ।**

५. निवेदकहरुको निवेदन जिकिर हेर्दा, नेपाल सरकारले प्रत्येक वर्ष वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि सार्वजनिक, पर्व एवम सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने गरी निर्णय गर्ने र सो को

सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने गरेको देखिन्छ। सोही क्रममा फागुन १ गते जनयुद्ध दिवस उल्लिखित भएको सूचना मिति २०७९।१२।२ को प्रकाशित नेपाल राजपत्रमा आएको छ। नेपाल राज्य भरको लागि सार्वजनिक, पर्व एवम सट्टा बिदा र कार्यालय समय तोक्ने गरी निर्णय गर्ने कार्यपालिकाको बुद्धिमता तथा कार्यक्षेत्रको विषय भएको हुँदा सो विषयमा विपक्षी बनाउनुको कुनै औचित्य छैन। प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी **मिति २०८०।१।१० को संघीय संसद तथा संघीय संसद सचिवालयसमेतको तर्फबाट लिखितजवाफ।**

६. विपक्षी निवेदकले दाबी लिनु भएको विषयमा प्रतिनिधि सभाका सभामुखको के-कस्तो काम, कारबाहीबाट निवेदकको के-कस्तो संवैधानिक तथा कानूनी हक-अधिकारको हनन भएको हो? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। कसैका विरुद्ध कुनै कुराको दावी लिंदा तत्सम्बन्धमा रहेको संलग्नता र प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण निवेदनमा स्पष्टसँग उल्लेख गरिएको हुनुपर्दछ। सोको अभावमा प्रत्यर्थी कायम गर्न र रिट जारी हुन संक्दैन। प्रस्तुत रिट निवेदनमा विपक्षी निवेदकले दाबी लिनु भएको विषयमा प्रतिनिधि सभाका सभामुखलाई प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी **मिति २०८०।१।१० को प्रतिनिधि सभाका सभामुखको तर्फबाट लिखितजवाफ।**

७. नेपालमा भएको सशस्त्र द्वन्द्व अन्त गरी शान्ति कायम गर्ने गरी नेपाल सरकार र तत्कालिन नेकपा माओवादी बीचमा भएको विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको समयमा भएका मानव अधिकारको उल्लंघनका घटनालाई संक्रमणकालिन न्यायको मान्यताको आधारमा समाधान गरिने उल्लेख गरिएको थियो। सो कुरा नेपालको अन्तरिम संविधानमा समेत सशस्त्र द्वन्द्वको क्रममा पीडित भएकाहरुलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाका साथै सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था रहेको थियो। उक्त संवैधानिक व्यवस्था बमोजिम नै सशस्त्र द्वन्द्वका प्रभावितहरुलाई नेपाल सरकारले राहत उपलब्ध गराउनुको साथै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई आयोग गठनको व्यवस्थासमेत भएको थियो। त्यसैगरी शान्ति प्रक्रियाको बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा नेपालको संविधानको धारा ३०४ को उपधारा

(२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी काम यसै संविधान बमोजिम भए गरेको मानिने भन्ने व्यवस्था गरी प्रस्तुत विषयलाई संवैधानिक निरन्तरतासमेत प्रदान गरिएको छ। जहाँसम्म नेपाल सरकारले मिति २०७९ साल फागुन १ गते सार्वजनिक बिदा दिने गरी गरेको निर्णयको विषय छ, तत्सम्बन्धमा नेपाल सरकारले आवश्यकताको आधारमा आकस्मिक तथा वार्षिक रुपमा दिइने बिदाको निर्णय गरी कार्यान्वयन हुँदै आएको छ। निवेदकले जिकिर गरे जस्तो बिदा दिन नपाउने गरी संवैधानिक तथा कानूनी रुपमा कुनै बन्देज लगाइएको छैन। साथै नेपाल सरकारले सार्वजनिक बिदा दिने गरी गरेको निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारको हनन हुने अवस्थासमेत रहेको छैन। सार्वजनिक बिदा दिने विषय विशुद्ध कार्यकारी प्रकृतिको भएकोले न्यायिक रोहबाट निरुपण हुने अवस्थासमेत नदेखिदा रिट निवेदन खारेज गरी पाउँ भनी **मिति २०८०।१।२१ को कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट लिखितजवाफ।**

८. निवेदन जिकिरमा उठान गरिएको सार्वजनिक बिदा दिने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने विषय हो। आकस्मिक रुपमा दिइने बिदा तथा वार्षिक रुपमा दिइने बिदाको विषय नेपाल सरकारबाट निर्णय भई कार्यान्वयन हुँदै आएको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ४ ले नेपाल सरकारको कार्यसम्पादन नियम ३ मा उल्लिखित मन्त्रालयहरुबाट हुने र नियम ५ ले मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूचि-२ मा उल्लेख भएका, मन्त्रालयबाट हुने र अनुसूचि-२ को खण्ड ८ मा गृह मन्त्रालयको क्षेत्राधिकारको प्रकरण २२ मा सार्वजनिक बिदा, उत्सवसमेतको कार्य सो मन्त्रालयबाट सम्पादन र व्यवस्थापन हुने जिम्मेवारी रहेको छ। सोही अधिकार अन्तर्गत नेपाल सरकारबाट भएको निर्णयानुसार २०८० सालको सार्वजनिक बिदा सम्बन्धी निर्णयको सूचना मिति २०७९।१२।२ मा नेपाल राजपत्र भाग ५, खण्ड ७२, सङ्ख्या ६५ मा प्रकाशन भई कार्यान्वयनमा रहेको छ। यसरी नेपाल सरकारको कानूनी अधिकार अन्तर्गत सार्वजनिक बिदा तोक्ने विषय कार्यकारी अधिकारको विषय हो। निवेदकले जिकिर गरेको बिदा दिन नपाउने गरी संवैधानिक तथा कानूनी रुपमा कुनै बन्देज लगाइएको अवस्था छैन भने यसबाट रिट निवेदक लगायत कसैको कुनै पनि प्रकारको हक अधिकारको हनन हुने अवस्था समेत देखिँदैन। त्यसैगरी, कुन बिदा दिने वा नदिने, के-कसरी र कति दिन दिने भन्ने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने

विशुद्ध कार्यकारी प्रकृतिको विषय भएको र त्यस्तो विषय न्यायिक रुपमा परीक्षण हुने विषयसमेत नभएकोले प्रस्तुत सन्दर्भमा विपक्षीको रिट निवेदनको औचित्य छैन भनी **मिति २०८०।१।२७ को नेपाल सरकारको मुख्य सचिवको तर्फबाट लिखितजवाफ।**

९. नेपालको संविधानको धारा ४२ को उपधारा (५) मा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक सुनिश्चित गरिएको छ। उल्लिखित संवैधानिक व्यवस्था बमोजिम शान्ति प्रक्रियाको बाँकी काम सम्पन्न गर्ने तथा सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका परिवारको हक संरक्षण गर्नका लागि नेपाल सरकार प्रतिबद्ध ढंगले क्रियाशील रहँदै आएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ कार्यान्वयनको क्रममा रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा भएका आदेश समेतको आधारमा संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सो ऐन संशोधनका लागि संघीय संसदमा विधेयक पेश गरिएको छ। उक्त विधेयक कानूनमा परिणत भएपछि विपक्षी निवेदक जस्तै संक्रमणकालीन न्यायको पर्खाइमा रहेका नागरिकको चासो एवम् निजहरुले उठान गरेका विषय समेत सम्बोधन हुने अवस्था छ भनी **मिति २०८०।१।२८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट लिखितजवाफ।**

१०. राष्ट्रहित, लोकतन्त्र तथा परिवर्तनका सवालमा विगतमा भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षबाट सिर्जित परिस्थितिहरुको दिगो व्यवस्थापन गर्दै मुलुकमा शान्ति, स्थायित्व सहितको सुव्यवस्था कायम गर्ने सवालमा नेपाल सरकार प्रतिबद्ध ढङ्गले अगाडि बढिरहेको छ। नेपालको संविधानको भाग ३ मा व्यवस्था गरिएका मौलिक हक तथा मानव अधिकारको निर्बाध उपयोगको सुनिश्चितता गर्दै मुलुकले आगामी दिनमा कुनै पनि स्वरुपको सशस्त्र द्वन्द्वको अवस्था भोग्नु नपरोस भन्ने सवालमा नेपाल सरकार गम्भीर ढङ्गले सचेत भई अगाडि बढेको अवस्था छ। विगतमा राज्य एवम संघर्षरत शक्तिबीचको द्वन्द्वका कारण पीडामा परेका आम नागरिकको व्यवस्थापन गर्ने विषयमा नेपाल सरकार कटिबद्ध रही सो सम्बन्धमा कानूनी तथा संस्थागत संयन्त्र खडा भई कार्य अगाडि बढेका छन। समग्र रुपमा नेपालको शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याई मानवअधिकार तथा मौलिक हकको सुनिश्चितता

गर्दै मुलुकलाई समृद्धिको यात्रा उन्मुख गराउने सवालमा नेपाल सरकार क्रियाशील ढङ्गले अगाडि बढिरहेको र यस क्रममा विगतको सशस्त्र संघर्ष, त्याग तथा बलिदानसमेतको कदर गर्दै नेपाल सरकारले जनयुद्ध दिवसको रुपमा वि.सं.२०७९ साल फागुन १ गते नेपाल राज्यभर सार्वजनिक बिदा दिने निर्णय गरेको हो। विपक्षीको निवेदन जिकिरमा उठान गरिएको सार्वजनिक बिदा दिने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने विषय हो। निवेदकले जिकिर गरेको बिदा दिन नपाउने गरी संवैधानिक तथा कानूनी रुपमा कुनै बन्देज लगाइएको अवस्था छैन भने यसबाट रिट निवेदक लगायत कसैको कुनै पनि प्रकारको हक अधिकारको हनन हुने अवस्था समेत देखिँदैन। त्यसैगरी, कुन बिदा दिने वा नदिने, के-कसरी र कति दिन दिने भन्ने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने विशुद्ध कार्यकारी प्रकृतिको विषय भएको र त्यस्तो विषय न्यायिक रुपमा परीक्षण हुने विषयसमेत नभएकोले प्रस्तुत सन्दर्भमा विपक्षीको रिट निवेदनको औचित्य छैन भनी **मिति २०८०।१।२७ को प्रधानमन्त्री पुष्पकमल दाहालको तर्फबाट लिखितजवाफ।**

आदेश खण्ड

११. नियमबमोजिम अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनहरुमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३९ को उपनियम (४) बमोजिम लिखितजवाफ परिसकेको, अङ्ग पुगिसकेको र विषयवस्तुको प्रकृतिको दृष्टिकोणले तत्काल अन्तिम रुपमा निरुपण गर्न जरुरी देखिएको हुँदा निवेदनसहित मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

१२. निवेदकमध्येका विद्वान अधिवक्ता श्री ज्ञानेन्द्रराज आरण तथा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रमेश बडाल र विद्वान अधिवक्ताहरु डा. श्री शिव कुमार यादव, श्री त्रिलोक बहादुर चन्द, श्री राजिव बास्तोलाले जनयुद्ध भन्ने शब्दलाई संविधान र कानूनले चिन्दैन। जनयुद्ध एउटा दलको मात्र हो सबै दलको होइन। जनयुद्ध शब्दका विषयमा राजनीतिक सहमति भएको पनि छैन। कथित जनयुद्धका दौरानमा हत्या हिंसा जस्ता कार्य भई फौजदारी प्रकृतिको अपराध भएको र यस्तो कार्यलाई राजनैतिक स्वरुपमा मान्न मिल्दैन। सरकारले त्यस्तो अवैध आपराधिक कार्यलाई जनयुद्ध दिवसको नाम दिएर देशव्यापी बिदा दिँदा खुशी मनाउनु लज्जाको विषय हो। सरकारले यस्तो दिनलाई "जनयुद्ध दिवस" भनी सार्वजनिक बिदा दिने कार्य विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, नेपालको संविधानसमेतको प्रतिकूल छ। जनयुद्ध शब्दका सम्बन्धमा सर्वोच्च अदालतबाट मान्यता

नदिएको अवस्था हो। त्यसैले जनयुद्ध दिवस भनी बिदा दिने निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरी यस्तो अवैधानिक बिदालाई निरन्तरता दिने जस्ता गैरकानूनी र गैरसंवैधानिक कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१३. त्यस्तै प्रत्यर्थीहरुको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले निवेदकले निवेदनमा जनयुद्ध दिवस भनी सार्वजनिक बिदा दिएको मिलेको छैन भनी जिकिर लिएपनि के-कारण र कसरी मिलेको छैन वा संविधानको कुन धारा वा कानूनको कुन दफा प्रतिकूल छ भनी खुलाउन सकेको देखिँदैन। नेपाल सरकार कार्यविभाजन नियमावली,२०७४ अनुसार सार्वजनिक बिदा दिने विषय कार्यकारिणी अधिकार क्षेत्रभित्रको विषय भएकाले बिदा दिने निर्णय संविधान र कानून प्रतिकूल छैन। शक्ति पृथकिकरणको सिद्धान्त अनुसार कार्यकारिणीले आफ्नो अधिकारक्षेत्र अन्तर्गत रही गरेको निर्णयको न्यायिक पुनरावलोकन वा परीक्षण हुन सक्दैन। यो विषय राजनीतिक विषयवस्तु भएकाले अदालतले यसमा प्रवेश गर्न मिल्दैन। यो विषय अदालतबाट निरुपित हुनुपर्ने विषय होइन। यसैले रिट निवेदन खारेज गरी पाउँ गर्नुभएको बहससमेत सुनियो।

१४. यसमा "जनयुद्ध" शब्दलाई १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान र नेपालको वर्तमान संविधानले चिन्दैन। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१०।२९ को निर्णयानुसार गृह मन्त्रालयले मिति २०७९।११।१ मा सार्वजनिक बिदा दिने सम्बन्धी सूचना जारी गरेको एवम "जनयुद्ध दिवस" निरन्तर रुपमा सरकारी स्तरमै मनाउने र २०८० सालको भित्तेपात्रोमा समेत "जनयुद्ध दिवस" शव्दावली राखी उक्त दिन सार्वजनिक बिदा दिने निर्णय गरेकाले उक्त निर्णय एवम त्यसमा प्रयुक्त "जनयुद्ध" शब्द उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेकोमा बिदा दिने वा नदिने; के-कसरी र कति दिन दिने भन्ने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने कुरा विशुद्ध कार्यकारी प्रकृतिको विषय भएको र त्यस्तो विषय न्यायिक रुपमा परीक्षण हुने विषयसमेत नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीहरुको छुट्टाछुट्टै लिखितजवाफ रहेको देखियो।

१५. उपर्युक्तानुसारको निवेदन दाबी, प्रत्यर्थीहरुको जिकिर र दुबै पक्षबाट प्रस्तुत भएको बहस जिकिरसमेतको आधारमा मिसिल अध्ययन गरी हेर्दा देहायका प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो।

(क) नेपाल सरकार मन्त्रिपरिषदबाट सार्वजनिक बिदा दिएको विषयमा यस अदालतबाट न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन?

(ख) नेपाल सरकार मन्त्रिपरिषद तथा प्रदेश सरकारबाट मिति २०७९।११।१ र २०८०।११।१ गते जनयुद्ध दिवसको अवसर भनी देशभर सार्वजनिक बिदा दिने गरी गरिएको निर्णयहरु संविधानको व्यवस्था, शब्द, मर्म र भावना प्रतिकूल देखिन्छ वा देखिँदैन?

(ग) सशस्त्र द्वन्दबाट पीडित भएका व्यक्तिको न्यायको अधिकार तथा संक्रमणकालीन न्यायका सन्दर्भमा जनयुद्ध दिवस भनी सार्वजनिक बिदा दिने कार्यले कुनै असर पार्छ वा पार्दैन?

(घ) जनयुद्ध दिवस भन्ने शब्दका सम्बन्धमा राष्ट्रिय रुपमा कुनै सहमति बनेको छ वा छैन?

(ङ) निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?

१६. पहिलो प्रश्न अर्थात **नेपाल सरकार मन्त्रिपरिषदबाट सार्वजनिक बिदा दिएको विषयमा यस अदालतबाट न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन?** भन्ने सम्बन्धमा हेर्दा, विपक्षीहरुले लिखित जवाफमा कुन बिदा दिने वा नदिने, के-कसरी र कति दिन दिने भन्ने विषय नेपाल सरकारले आवश्यकताका आधारमा निर्णय गर्ने विशुद्ध कार्यकारी प्रकृतिको विषय भएको र त्यस्तो विषय न्यायिक रुपमा परीक्षण हुन नसक्ने भनी जिकिर लिएकाले प्रस्तुत विवादको विषय अर्थात सार्वजनिक बिदा दिने निर्णयको न्यायिक पुनरावलोकन हुन सक्ने वा नसक्ने विषयमा सर्वप्रथम हेर्नुपर्ने देखियो। संविधानवादको अवधारणा अनुसार राज्यका अंगहरुबाट सम्पादित हुने कार्यहरु संविधानले निर्दिष्ट गरेका सीमामा रही गर्नुपर्ने र संविधान प्रतिकूल हुने गरी गरिने कार्यहरुले बैधता प्राप्त गर्न नसक्ने मानिन्छ। संविधानवादको तत्वमध्ये न्यायिक पुनरावलोकन पनि एक महत्वपुर्ण तत्वको रुपमा रहेको हुन्छ। संविधानलाई जीवन्तता प्रदान गर्ने एक सशक्त माध्यमको रुपमा न्यायिक पुनरावलोकनलाई लिइन्छ। राज्यका कुनै पनि निकायलाई संवैधानिक सीमा नाघ्ने वा संवैधानिक सीमाको उल्लंघन गर्ने छुट प्राप्त हुँदैन। राज्यका अंगहरुबाट सम्पादित हुने कार्यलाई संविधानको सीमामा राख्ने र संविधान विपरीत भएका वा संवैधानिक सीमाभन्दा बाहिर गई गरिएका काम कारबाहीलाई न्यायिक पुनरावलोकनका माध्यमबाट बदर गरी संवैधानिक सर्वोच्चता कायम गर्ने कार्य गरिन्छ।

१७. संविधानले न्यायिक पुनरावलोकनको जिम्मेवारी सर्वोच्च अदालतलाई सुम्पेको छ। यही जिम्मेवारीका आधारमा यस अदालतले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आफैले[1] सम्पादित गरेका काम कारवाहीको पनि संवैधानिकता परीक्षण गर्छ। संविधान, कानून र न्यायका मान्य सिद्धान्तसमेत विपरीत हुने गरी कार्यकारिणीबाट भएका कामकारवाहीको न्यायिक पुनरावलोकनको माध्यमबाट बदर गरी नागरिक अधिकारको संरक्षण गर्ने अभिभारा न्यायालयकै हो। न्यायपालिकाले यही अभिभारा निर्वहन गर्दै न्यायिक पुनरावलोकनको माध्यमबाट राज्यका अन्य निकायहरुलाई उनीहरुको अधिकारक्षेत्रभन्दा बाहिर जानबाट रोकी व्यक्तिका हक अधिकारहरुको संरक्षण तथा कानूनी राज्यको प्रत्याभुति गर्ने कार्य गरिरहेको हुन्छ। यसैले, न्यायिक पुनरावलोकनको अधिकारलाई न्यायपालिकाको अन्तरनिहित अधिकारका रुपमा लिइन्छ। अदालतमा निहित रहने यस अन्तरनिहित अधिकार र संविधानले नै न्यायिक पुनरावलोकनका लागि गरेको संवैधानिक व्यवस्था अनुसार अन्य निकायबाट भएका संविधान र कानून विपरीतका कार्यका सम्वन्धमा आफुसमक्ष उपस्थित विवादमा निरुपण गर्ने अदालतको दायित्व रहने भएकाले कुनै पनि अंगबाट भएका संविधान र कानून विपरीतका कार्यमा अदालत मुकदर्शक भएर बस्न मिल्ने हुँदैन। त्यस्ता त्रुटिपूर्ण कार्यलाई सच्याउने संवैधानिक दायित्वबाट न्यायालय विमुख रहन सक्दैन।

१८. वर्तमान नेपालको संविधानको धारा १३३ को उपधारा (१) मा कानूनको न्यायिक पुनरावलोकनको व्यवस्था रहेको छ भने सोही धाराको उपधारा (२) मा *संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहिन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने* र उपधारा (३) मा *सो प्रयोजनका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने* संवैधानिक व्यवस्था रहेको छ। यस अदालतले यही असाधारण अधिकारक्षेत्र प्रयोग कार्यकारिणीबाट भएका प्रशासकीय

[1] न्यायपालिकाबाट भएका काम कारवाहीको न्यायिक पुनरावलोकन गरिएका उदाहरणका रुपमा अन्नपूर्ण राणाको मुद्दालाई लिन सकिन्छ। नेपाल कानून पत्रिका २०५५ अङ्क ८ निर्णय नं. ६५८८। यस मुद्दामा निवेदक अन्नपूर्ण राणाको योनी तथा पाठेघरको गाइनोक्लोजिष्टबाट जाँच गराई प्रतिवेदन पेश गर्नु भनी काठमाडौं जिल्ला अदालतले मिति २०५२।१०।१९ मा गरेको यस सम्बन्धी आदेश र सो आदेशलाई कायम गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०५३।१।२७ को आदेश यस अदालतबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिएको थियो।

काम कारबाहीको न्यायिक पुनरावलोकन गरी प्रशासकीय कार्यलाई संवैधानिक सीमामा बाध्ने, प्रशासकीय कार्यमा स्वेच्छाचारिता नियन्त्रण गर्ने र संविधानद्वारा प्रदत्त मौलिक हकको संरक्षण गर्ने कार्य गर्दै आएको छ।

१९. यस अदालतबाट न्यायिक पुनरावलोकनका सन्दर्भमा विभिन्न मुद्दामा व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ। जसअनुसार राज्यको कार्यकारी निकायको स्वेच्छाचारी तथा निरंकुश कार्यमा नियन्त्रण गर्ने र संवैधानिक सर्वोच्चता कायम गर्ने जस्ता कार्यका लागि न्यायिक पुनरावलोकनको अधिकार न्यायालयलाई आवश्यक हुने, सरकारका कार्यलाई संविधानसम्मत बनाउने र विधिको शासन कायम गराउने दायित्व न्यायपालिकाको हुने, सरकारका काम कारबाही उपर न्यायिक पुनरावलोकनको अधिकार अदालतलाई हुने, संवैधानिक सर्वोच्चता र नागरिक हकको संरक्षकको रुपमा मौलिक हकको विरुद्ध हुने जुनसुकै प्रकारका शक्ति, अधिकारको स्वेच्छाचारी र मनोमानी कार्यलाई न्यायिक पुनरावलोकनद्वारा रोकिने र कार्यपालिकीय अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने जस्ता व्याख्याहरु भएको देखिन्छ। उदाहरणका लागि यहाँ केही व्याख्या उल्लेख गर्न सान्दर्भिक देखियो।

- **नागरिकको हक अधिकार तथा स्वतन्त्रताको रक्षा एवम त्यसको उपभोगको सुनिश्चितताका लागि, कानूनी राज्य वा विधिको शासनको अवधारणालाई व्यवहारिक रुपमा सार्थक तुल्याउनका लागि, सीमित सरकारको अवधारणालाई क्रियान्वित गर्नका लागि, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी प्रयोग र पालनाका लागि, सरकारको काम कारबाहीहरु तथा निर्णयहरुलाई वैधानिक दायराभित्र सीमित गर्नका लागि, न्यायिक स्वतन्त्रता र सक्षमता सुनिश्चित गर्नका लागि, राज्यको कार्यकारी निकायको स्वेच्छाचारी एवम निरंकुश कार्यमा नियन्त्रण गर्नका लागि, संवैधानिक सर्वोच्चता कायम गरी संविधानको संरक्षण गर्नका लागि न्यायिक पुनरावलोकनको अधिकार आवश्यक हुन्छ।**[२]
- **शक्ति पृथकीकरण, विधिको शासन र नागरिक हक अधिकारमाथि सदैव चुनौती उत्पन्न भईरहेका अवस्थामा नागरिकका मौलिक हक अधिकारको संरक्षक र संविधानको अन्तिम व्याख्याताको हैसियतले अदालतले मुकदर्शक भएर कार्यपालिकाका संविधान प्रतिकूल कार्यहरुलाई वैधानिकता प्रदान गर्न सक्दैन। संविधान बमोजिमको सरकार**

[२] नेपाल कानून पत्रिका २०६७ अंक ३ निर्णय नम्बर ८३२९

र विधिको शासन कायम गराउने दायित्व अन्ततः स्वतन्त्र न्यायपालिकामाथि नै आइपर्दछ।[३]

- हाम्रो संविधान र कानूनी प्रणालीले संविधानवाद, कानूनको शासनको अवधारणालाई आत्मसात गरेकाले सरकारका काम कारवाहीका अलावा विधायिकी कानूनको न्यायिक पुनरालोकन गर्ने तथा पूर्ण न्याय गरी जुनसुकै प्रकारको उपचार प्रदान गर्न यस अदालतलाई संविधानले असाधारण अधिकार प्रदान गरेको हो।[४]
- यो अदालत देशको उच्चतम अदालत भएको कारण नागरिकहरुको हक प्रचलन गराउने काममा यस अदालतलाई प्राप्त असाधारण अधिकार संविधानद्वारा प्राप्त मात्र होइन न्यायिक पुनरावलोक गर्ने यस अदालतको अन्तरनिहित अधिकार मान्नुपर्छ। संविधानको धारा ३२ को हक नागरिकलाई प्राप्त भएपछि संविधानले नै यस अदालतको धारा १०७(२) को यस अदालतको न्यायिक पुनरावलोकन गर्न पाउने अधिकारलाई बाहेक वा सीमित गर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्था, मान्य सिद्धान्तअनुसार राजनीतिक विषय समावेश भएको विषय वा विधायिकाको आन्तरिक कार्य व्यवस्थापनको विषय र यस अदालत धारा १०७(३) अन्तर्गत अन्तिम भएका विषयहरुमा Writ Against Judiciary हुन नसक्ने मान्यसिद्धान्तको अवस्थामा बाहेक अन्य अवस्था र विषयमा मान्य सिद्धान्तमा रहेर कार्यपालिकातर्फका प्रत्येक अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्छ।[५]

२०. सार्वजनिक बिदा दिने विषय कार्यकारिणी अधिकारक्षेत्रको विषय हो भन्ने कुरामा यो इजलासले असहमति जनाउनुपर्ने अवस्था छैन। सार्वजनिक बिदा प्रदान गर्ने क्रममा कार्यपालिकाबाट संविधान र संविधानको मुल भावना प्रतिकूल नहुने गरी सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक र ऐतिहासिक लगायतका विविध पक्ष, बिदाप्रति आम जनमानसको धारणा तथा उनीहरुको त्यस्तो बिदामा हुन सक्ने सहभागिता र स्वीकार्यताको अवस्था, बिदाले सार्वजनिक सेवा प्रवाहमा पार्ने प्रभाव, दिइने बिदाको औचित्य, बिदाप्रति राष्ट्रिय सहमति वा दृष्टिकोणको अवस्था र बिदाका कारण राज्यसामु उपस्थित रहेका समस्याहरुको संबोधनमा पार्न सक्ने प्रतिकूल अवस्थासमेतलाई विश्लेषण गरी सार्वजनिक बिदा घोषणा गर्न कार्यपालिकाले सक्ने हुन्छ। अपितु, त्यस्तो सार्वजनिक बिदाका सम्बन्धमा भएको निर्णय

[३] नेपाल कानून पत्रिका २०६७ अंक ९ निर्णय नम्बर ८४५२
[४] नेपाल कानून पत्रिका २०७० अंक १० निर्णय नम्बर ९०५९
[५] नेपाल कानून पत्रिका २०६८ अंक १ निर्णय नम्बर ८५४१

संविधान र कानून प्रतिकूल तथा संविधान प्रदत्त मौलिक हकमा आघात पर्ने गरी स्वेच्छाचारी रुपमा भएको भनी यस अदालतमा विवाद आउँछ भने अदालतले त्यस्तो विवादलाई उपेक्षा गर्न वा त्यस्तो विवाद निरुपण गर्ने संवैधानिक दायित्व र कर्तव्यबाट पन्छिन मिल्दैन। अदालतले न्यायिक निरुपण गर्ने कुरालाई इन्कार गर्दा संवैधानिक व्यवस्था प्रतिकूल हुन्छ।

२१. नेपालको वर्तमान संविधानको धारा ७५ को कार्यकारीणी अधिकार अन्तर्गत उपधारा (१) र (२) मा देहायको व्यवस्था रहेको छ।

*(१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ।*

*(२) यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ।*

२२. संविधानमा कार्यकारिणी अधिकारका सम्बन्धमा गरिएका उल्लिखित व्यवस्थाले नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा राखेको भए पनि **संविधान र कानूनबमोजिम** भन्ने शब्दावली राखेकोले सो अधिकार सीमा बन्देज रहित वा निरपेक्ष रुपमा प्रदान गरेको नभई **संविधान र कानूनबमोजिम** मात्र प्रयोग गर्नुपर्ने गरी सीमितता कायम गरेको छ। यसरी नै मन्त्रिपरिषदमा नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा रहे पनि सो अभिभारा संविधान र कानूनको अधिनमा रहेर मात्र गर्नुपर्ने गरी शर्तबन्देज राखेको छ। मन्त्रिपरिषदले गर्ने कार्यकारिणी कार्यहरु आत्मनिष्ठ वा स्वविवेकीय रुपमा गर्ने अधिकार नपाई संविधान र कानूनको अधिनमा रहेर मात्र गर्न पाउने हुन्छ। मुलतः यस व्यवस्थाले सीमित सरकारको अवधारणालाई नै स्थापित गरेको देखिन्छ। यस सम्बन्धमा यस अदालतबाट देहायबमोजिम व्याख्या पनि भएको छ।

- **धारा ७५ ले मन्त्रिपरिषदको कार्यकारिणी अधिकारलाई संविधान र कानूनको अधिनस्थ बनाएको छ।**[६]
- **धारा ७५ को उपधारा (२) मा प्रयुक्त "यो संविधान र कानूनको अधिनमा रही" भन्ने उल्लेखनले कार्यकारिणी अधिकारको प्रयोग यही संविधान र कानूनको अधिनमा रहेर गर्नु पर्ने कुराका सम्बन्धमा विवाद हुन सक्दैन।**[७]

२३. यसरी मन्त्रिपरिषदलाई कार्यकारीणी अधिकार प्रयोग गर्नका लागि संविधानले संविधान र

[६] सुनिलरञ्जन सिंह विरुद्ध व्यवस्थापिका संसदसमेत भएको ०७४-WC-0001 को उत्प्रेषण मुद्दामा मिति २०७९।८।७ मा भएको फैसलाको माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको सहमतीय राय।

[७] देवप्रसाद गुरुङ विरुद्ध प्रधानमन्त्री के.पी.शर्मा ओलीसमेत भएको ०७७-WC-००२८ मुद्दामा मिति २०७७।११।११ मा भएको फैसला।

कानूनको अधिनमा गर्नुपर्ने गरी शर्तबन्देज राखी सीमित सरकारको अवधारणा तथा संवैधानिक सर्वोच्चताको मान्यतालाई स्थापित गरेको अवस्थामा मन्त्रिपरिषदले कार्यकारिणी अधिकार प्रयोग गर्दा संवैधानिक र कानूनी सीमा उल्लंघन गर्ने गरी वा संविधान र कानूनमा रहेका अन्य व्यवस्था प्रतिकूल हुने गरी वा स्वविवेकीय रुपमा प्रयोग गर्न छुट पाउन सक्दैन। मन्त्रिपरिषदले कार्यकारिणी कार्य गर्दा संविधानका व्यवस्था, संविधानमा प्रयुक्त शब्द, संविधानको मर्म र भावनाको विपरीत हुने गरी संवैधानिक वा कानूनी सीमा नाघिएको भन्ने प्रश्न उठेमा त्यो संविधानतः न्यायिक पुनरावलोकनको विषय बन्दछ।

२४. सार्वजनिक बिदाको निर्णय गर्ने अधिकार कार्यपालिकामा अन्तरनिहित रहने भएपनि त्यस्तो बिदाको निर्णय गर्दा संविधानको व्यवस्था, मर्म र भावना प्रतिकूल नहुने गरी गर्नुपर्ने हुन्छ। त्यस्तो अवस्थाको विद्यमानता छ वा छैन भन्ने कुराको परीक्षण गर्ने न्यायिक पुनरावलोकनको अधिकार संविधानतः यस अदालतलाई प्रदान भएको छ। यस्तो परीक्षणको लागि न्यायिक पुनरावलोकनको अधिकार यस अदालतको अन्तरनिहित अधिकार (Inherent Power) को रुपमा पनि रहेको हुन्छ। सार्वजनिक बिदाको परीक्षण हुन नसक्ने गरी कुनै संवैधानिक व्यवस्था गरिएको अवस्था पनि छैन। यसैले, सार्वजनिक बिदा संविधानसंग सुसंगत नरहेको भन्ने विवाद उपस्थित भएको अवस्थामा न्यायिक पुनरावलोकन हुन सक्ने नै देखिन्छ। संवैधानिक व्यवस्था, न्यायिक पुनरावलोकनको सैद्धान्तिक मान्यता तथा अवधारणा र यस अदालतबाट विकसित भएको न्यायिक विधिशास्त्र तथा अभ्यासका सापेक्षतामा प्रस्तुत मुद्दाको विवादको विषयमा न्यायिक पुनरावलोकन वा परीक्षण गर्ने अधिकार यस अदालतलाई नरहेको भन्ने प्रत्यर्थीहरुको जिकिरसंग सहमत हुन सकिएन।

२५. बहसका क्रममा विद्वान सहन्यायाधिवक्ताले सार्वजनिक बिदाको निर्णयको विषयमा राजनैतिक विषय पनि सन्निहित रहेकाले यस अदालतबाट निरुपण हुन नसक्ने भन्ने पनि जिकिर लिनु भएको छ। निश्चय नै न्यायिक पुनरावलोकनको अधिकार प्रयोग गर्दा के-कुन हदमा के-कुन विषयमा प्रवेश गर्ने, के-कुन कुरामा प्रवेश नगर्ने भन्ने कुरा एवम न्यायिक पुनरावलोकनको सीमाका सम्बन्धमा इजलास जानिफकार रहेको छ। न्यायिक पुनरावलोकनका सन्दर्भमा अदालत आफैले के-कुन हदमा आत्मसंयमता अपनाउने भन्ने विषय पनि जोडिएर आउने र अदालतले त्यसमा संवेदनशील रुपमा दृष्टिगत गर्दै विवेकसम्मत रुपमा उपयुक्त निर्णय गर्दै आएको छ।[८] आत्मसंयमताको विषय संविधान वा

[८] अदालतले गर्ने गरेको आत्मसम्यमताको उदाहरणका लागि श्यामकृष्ण मास्के विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत भएको उत्प्रेषण परमादेश मुद्दा नेपाल कानून पत्रिका २०६८ अंक ४ निर्णय नम्बर ८५८९ र ज्योति बानिया विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

कानूनमा लिपिबद्ध विषयभन्दा पनि न्यायपालिकाले स्वयंले आवश्यक अवस्थामा वान्छित हदमा आफैलाई सीमामा राख्ने एक विवेक र बुद्धिमतापूर्ण अभ्यास हो। आत्मसंयमता अरु कसैको आग्रह वा चाहनामा हुने नभई अदालत आफैले यसको महशुस गरी विवादमा कुन हदमा प्रवेश गर्ने भनी निरुपित गर्ने विषय हो। विशुद्ध राजनीतिक प्रश्न समावेश भएको विषय वा कार्यकारिणीको नीतिगत विषयमा प्रवेश गर्ने अदालतको इच्छा, चाहना, मनसाय र रहर हुँदैन। तर, यस्ता विषयसंग संवैधानिक वा कानूनी प्रश्न वा मौलिक हकको विषय पनि सन्निहित रहेको अवस्थामा राजनैतिक प्रश्न समावेश भएको विषय भन्ने प्रत्यर्थीले जिकिर लिएको आधारमा वा राजनैतिक प्रश्न वा नीतिगत विषयको आवरणमा वा त्यस्तो कुराको हवला दिएर अदालतले आफ्नो न्यायिक पुनरावलोकन गर्ने संवैधानिक जिम्मेवारी निर्वहनबाट विमुख रहने वा इन्कार गर्ने वा आत्मसंयताको नाममा विवाद निरुपणबाट पन्छिन मिल्ने अवस्था हुँदैन।

२६. यस अदालतबाट राजनैतिक प्रश्नको विषयमा रविराज भण्डारी विरुद्ध प्रधानमन्त्री मनमोहन अधिकारीसमेतको संसद विघटन सम्बन्धी रिटमा देहायबमोजिम व्याख्या भएको छ।[९]

> विवादमा उपस्थित संवैधानिक वा कानूनी प्रश्नसँग राजनैतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनैतिक रँगमा रँगाइएको कारणले पनि संवैधानिक वा कानूनी वैधताको प्रश्न राजनैतिक प्रश्नमा रूपान्तरित हुने पनि होइन। त्यसैले कुनै पनि संवैधानिक विवादमा राजनैतिक प्रश्नहरुका अतिरिक्त संवैधानिक वा कानूनी प्रश्नहरु पनि मुछिएका छन र विवादको निरुपणको लागि ती संवैधानिक वा कानूनी प्रश्नहरुको निरुपण हुनु आवश्यक देखिन्छ भने राजनैतिक प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन। संविधान वा कानूनमा व्याख्या गर्ने अन्तिम अधिकारीको रुपमा संविधानले यस अदालतलाई सुम्पेको अधिकार र अधिकार क्षेत्रलाई सीमित वा कुण्ठित गर्ने अवधारणाको रुपमा राजनैतिक प्रश्न सम्बन्धी अवधारणको उपयोग गर्नु कदापि संविधान सम्मत नहुने। राजनैतिक प्रश्नको अवधारणा वस्तुतः अदालतको अधिकारलाई सीमित वा कुण्ठित गर्नको लागि संविधान वा कानूनले नै परिभाषित गरेको कुनै अवधारणा नभएर न्यायपालिकाले स्वयं प्रतिपादित

भएको ०७४-WC-००१३ को रिट, नेपाल कानून पत्रिका २०७६ संवैधानिक इजलास खण्ड, भाग २ अंक १ निर्णय नम्बर ००१३ लाई लिन सकिन्छ।

[९] २०५२ सालको रि.नं. ३१०५ फैसला मिति :२०५२।५।१२ (https://nkp.gov.np/full_detail/8880 accessed on 4th February 2023).

गरेको एउटा सैद्धान्तिक अवधारणा हो। अदालत समक्ष विचाराधिन विवादहरु कार्यपालिका वा व्यवस्थापिकाले गरेको निर्णयसँग सम्बन्धित छन् भन्दैमा अदालतले त्यसबाट पन्छने दृष्टिकोण लिनु पर्छ भन्न नहुने।

२७. यस अदालतबाट भएको उल्लिखित व्याख्या र न्यायिक पुनरावलोकनका मान्य अवधारणासमेतका आलोकमा प्रस्तुत निवेदनको विवादसंग सम्बन्धित विषय विशुद्ध रुपमा राजनैतिक प्रकृतिको नभई संवैधानिक प्रश्न पनि समावेश भएको देखिएकाले विद्वान सहन्यायाधिवक्ताको बहस जिकिरसंग सहमत हुन सकिने अवस्था रहेन।

२८. दोश्रो प्रश्न अर्थात नेपाल सरकार मन्त्रिपरिषद तथा प्रदेश सरकारबाट मिति २०७९।११।१ र मिति २०८०।११।१ गते जनयुद्ध दिवसको अवसर भनी देशभर सार्वजनिक बिदा दिने गरी गरिएको निर्णयहरु संविधानको व्यवस्था, शब्द, मर्म र भावना प्रतिकूल देखिन्छ वा देखिँदैन? भन्ने सम्बन्धमा हेर्दा, नेपालको संविधानको प्रस्तावनामा *राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक– पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, **सशस्त्र संघर्ष**, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै* भन्ने उल्लेख भएको छ। यसरी नै धारा धारा ४२ को उपधारा (५) *नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, **सशस्त्र संघर्ष** र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, **लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित**, अपांगता भएका व्यक्ति, घाइते तथा **पीडितलाई** न्याय एवम उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ* भन्ने व्यवस्था छ। यसरी नेपालको संविधानको प्रस्तावना र धारा ४२ को उपधारा (५) मा "**जनयुद्ध** शब्द" प्रयोग नभई मा "**सशस्त्र संघर्ष**" शब्द प्रयोग भएको देखिन्छ। संविधानको अन्य धारामासमेत जनयुद्ध शब्द उल्लेख भएको वा प्रयोग भएको अवस्था छैन। साथै जहाँ सशस्त्र संघर्ष शब्द प्रयोग भएको छ, त्यहाँ द्वन्द्व पीडित, विस्थापित, घाइते आदि शब्दहरु पनि प्रयोग भएका छन। यसबाट जनयुद्ध शब्दलाई संविधानले मान्यता दिएको वा पहिचान गरेको अवस्था देखिँदैन। संविधानले नचिनेको शब्द प्रयोग गरी संविधान प्रतिकूल निर्णय गरेको भनी परेको यस विवादमा संविधानमा प्रयुक्त भएका उक्त शब्दलाई हेर्नुपर्ने र सोही आधारमा संविधान सभाको मनसाय पहिचान गर्नुपर्ने हुन्छ। संविधानमा जनयुद्ध शब्द प्रयोग नगरी सशस्त्र संघर्ष शब्द प्रयोग भएको देखिँदा संविधान सभाले जानी बुझी वा सोचविचार

गरी वा मनसायपूर्वक जनयुद्ध शब्द नराखी त्यसको सट्टा सशस्त्र संघर्ष शब्द प्रयोग गरेको भन्ने अर्थबोध गर्नुपर्ने वा मान्नुपर्ने हुन्छ। संविधानमा जे-जस्तो शब्दहरु प्रयोग भएका छन र जुनरुपमा एवम पृष्ठभुमिमा प्रयोग भएका छन ती शब्दहरुको गहिराईमा पुगी भविष्यमुखी व्याख्या नगरी आफु अनुकूल अर्को शब्दावली प्रयोग गर्ने अधिकार कार्यकारिणीलाई जुनसुकै नाम, अन्तर्य वा आवरणमा हुने हुँदैन। कानून व्याख्याको नियमअनुसार कानूनको प्रयोग र व्याख्या गर्दा कानूनमा व्यवस्थित कुरालाई विधायिकी उद्देश्यलाई अभिवृद्धि गर्ने गरी सिधा र तर्कसंगत (Rational) रुपमा व्याख्या गर्नु न्यायकर्ताको कर्तव्य हुने भएका साथै संविधान विवाद समाधानको समेत दस्तावेज भएकोले संविधानमा प्रयोग नै नभएको जनयुद्ध शब्द प्रयोग गरी दिइएको बिदालाई संविधानसभा भित्र सहमति रहेको मान्न नमिली संवैधानिक व्यवस्थाको प्रतिकूल मान्नुपर्ने देखिन आयो।

२९. कार्यकारीणीबाट भएका निर्णयहरु संवैधानिक नैतिकता विपरीत हुनुहुँदैन। संवैधानिक नैतिकता प्रतिकूल हुने गरी कार्यकारिणीबाट भएका निर्णय संविधानसंगत मानिदैन र त्यस्ता निर्णयले मान्यता पाउँदैनन्। संवैधानिक नैतिकता सम्बन्धमा यस अदालतबाट **शेर बहादुर देउवा विरुद्ध प्रधानमन्त्री** तथा **मन्त्रिपरिषदको कार्यायसमेत** भएको उत्प्रेषण परमादेश मुद्दामा देहायबमोजिमको व्याख्या भएको छ।[10]

> **संवैधानिक नैतिकताले संविधानद्वारा आत्मसात गरिएका मुल्य, मान्यता र वा दर्शन प्रतिकूल भएका कार्यलाई स्वीकार गरिनु हुँदैन भन्ने मान्यता राख्दछ। न्याय संवैधानिक नैतिकताको आत्मा हो। गरिएका कार्य न्यायपूर्ण, स्वच्छ र विवेकपूर्ण हुनु संवैधानिक नैतिकता दृष्टिले आवश्यक ठानिन्छ।**

३०. संवैधानिक नैतिकताको मान्यता र यस अदालतबाट भएको व्याख्याका सापेक्षतामा पनि विवादित निर्णय संविधानको मुल भावना वा मुल्य मान्यता प्रतिकूल रहेको देखिन्छ।

३१. नेपालमा विगतमा २०५२ साल देखि भएको सशस्त्र संघर्षलाई शान्ति प्रक्रियाको प्रारम्भ देखि नै जनयुद्ध शब्द प्रयोग नगरी सशस्त्र संघर्ष वा द्वन्द शब्द प्रयोग हुँदै आएको तत्सम्बन्धी दस्तावेजहरुबाट स्पष्ट रुपमा देखिन्छ। २०६३ साल मार्ग ५ गते भएको विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान,२०६३ र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा समेत जनयुद्ध शब्द प्रयोग नभई सशस्त्र

[10] ०७७-WC-००७१ को उत्प्रेषण परमादेश मुद्दामा मिति २०७८।३।२८ मा संवैधानिक इजलासबाट भएको फैसला।

द्वन्द शब्द प्रयोग भएको देखिन्छ। जनयुद्ध शब्द संविधानमा राख्ने कि नराख्ने भन्ने सम्बन्धमा पहिलो संविधान सभामा छलफल भएको र संविधान सभाको संवैधानिक समितिको बैठक संख्या ७८ मिति २०६६।९।१० को बैठकले संविधानको परिच्छेद तीनमा जनयुद्ध शब्द थप गर्ने प्रस्ताव बहुमतबाट अस्वीकृत गरेको मिसिल संलग्न सो समितिको बैठकको निर्णयको प्रतिलिपिबाट देखिन्छ। संक्रमणकालीन न्यायसम्बद्ध नेपाल सरकारका आधिकारिक दस्तावेजहरुमा पनि जनयुद्ध शब्द प्रयोग भएको नदेखिई सशस्त्र द्वन्द वा सशस्त्र संघर्ष शब्द नै प्रयोग भएको देखिन्छ।

३२. यस अदालतबाट **सुमन अधिकारीसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको रिटमा** देहायको सिद्धान्त कायम भएको छ।[११]

> **नेपालको अन्तरिम संविधान,२०६३ ले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका वा मारिएका व्यक्तिहरुको पीडित परिवारहरुलाई राहत दिनुपर्ने राज्य उपर दायित्व निरुपित गरेको देखिन्छ भने विगतको सशस्त्र द्वन्द्वलाई विवादित परिचयपत्र निर्देशिकामा उल्लेख भए जस्तै "राजनीतिक द्वन्द्व र माओवादी जनयुद्ध" जस्ता शब्दहरुको प्रयोग गरी सम्बोधन गरेको पाईंदैन। सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका वा मारिएका पीडितहरुलाई माओवादी जनयुद्धमा मारिएको भनी परिचयपत्र लिन बाध्य पारिने हो भने आफ्नै विरुद्धको कार्यको गौरवीकरण गर्न पीडितलाई बाध्य पारिएको अवस्था सिर्जना हुन जान्छ। सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई निजको इच्छा विरुद्ध माओवादी जनयुद्धबाट पीडित भन्नु विरोधाभाषपूर्ण हुन्छ। यसबाट पीडित झन पीडित बन्न जाने देखिन्छ।**

३३. उपर्युक्त व्याख्यामा जनयुद्ध शब्द प्रयोगका सम्बन्धमा नेपाल सरकारले जारी गरेको निर्देशिकामा प्रयुक्त भाषा नेपालको अन्तरिम संविधान, २०६३ को भावनाअनुसार भएको देखिएन भनी स्पष्ट रुपमा उद्घोष गरिएको, जनयुद्ध शब्दको प्रयोगमा आपत्ति जनाइएको र संविधानसंग असंगत मानिसकिएको अवस्था देखियो।

३४. यसरी नेपालको वर्तमान संविधान तथा प्रचलित सम्बद्ध कानून र सक्रमणकालीन न्यायसम्बद्ध आधिकारिक दस्तावेजहरुमा कही कतै जनयुद्ध शब्द प्रयोग नगरिएको तथा यस अदालतबाट यस शब्द संविधानको भावना अनुरुप नरहेको भनी स्पष्ट रुपमा उद्घोष गरिसकेको समेतका परिदृश्यमा नेपाली जनता आफैले संविधान सभा मार्फत निर्माण गरेको संविधानमा प्रयोग नै

[११] नेपाल कानून पत्रिका २०७३ अंक ६ निर्णय नम्बर ९६१२

नभएको र संविधानले नचिनेको जनयुद्ध शब्दको प्रयोग गरी जनयुद्ध दिवस भनी सार्वजनिक बिदा दिने गरेको नेपाल सरकारको निर्णय संवैधानिक व्यवस्था र संविधानमा प्रयोग भएको शब्द, संवैधानिक नैतिकता, संविधानको मर्म, परिलक्ष र मुल भावना अनुकुल देखिन आएन। लोकतान्त्रिक शासन व्यवस्था भएको मुलुकमा कार्यकारिणीले त्यस्तो निर्णय गर्ने कुरा न्यायिक, शोभनीय, वाञ्छनीय र औचित्यपूर्ण मान्न सकिएन।

३५. तेस्रो प्रश्न अर्थात **सशस्त्र द्वन्दबाट पीडित भएका व्यक्तिको न्यायको अधिकार तथा संक्रमणकालीन न्यायका सन्दर्भमा जनयुद्ध दिवस भनी सार्वजनिक बिदा दिने कार्यले कुनै असर पार्छ वा पार्दैन?** भन्ने तर्फ हेर्दा राज्यमा द्वन्दका समयमा भएको मानवअधिकार उल्लंघनका घटनामा पीडितले न्याय पाउने अधिकार राख्दछन। पीडितको न्याय पाउने अधिकार नैसर्गिक अधिकार हो। यो अधिकार अहरणीय र अनुलङ्घनीय हुन्छ। संक्रमणकालीन न्यायका सम्बन्धमा **मिरा ढुङ्गानासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको रिटमा** देहायबमोजिम व्याख्या भएको छ।[१२]

> **द्वन्द्वकालमा घटित भएका मानवअधिकार उल्लंघन वा मानवीय कानून विरुद्धका गम्भीर कसुरहरु रोक्ने, ती कसुरहरु दोहोरिन नदिने, पीडितमा आत्मसम्मानको भाव उद्बोधन गराउने राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुनस्थापन गरी शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउने संयन्त्रको रुपमा संक्रमाणकालीन न्यायको मुख्य अभिष्ट हो। मानव अधिकारको दृष्टिकोणले द्वन्द्वकालमा घटेका घटनाहरु राज्यले सम्बोधन गर्नुपर्ने हुन्छ। राज्यले कानून बनाए भनेर मात्र हुँदैन। बनेको कानून संविधान अन्तर्राष्ट्रिय मापदण्ड र अदालतबाट भएको फैसला वा आदेश अनुकूलको भई कार्यान्वयन योग्य हुनुपर्दछ। संविधानसमेतको प्रतिकूल कानून बनेमा त्यस्तो कानून संवैधानिक परीक्षणको रोहमा कायम रहन नसक्ने। यस अदालतबाट पटक-पटक गम्भीर मानव अधिकारका उल्लङ्घनका दोषीहरुलाई कानूनको दायरमा ल्याई पीडितलाई न्यायको महसुस गराउन, परिपुरणको व्यवस्था गर्नु र मेलमिलापको वातावरण बनाइ दण्डहिनता अन्त्य गर्न आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन भई रहेमा विधिको शासनको अवमुल्यन हुन्छ।**

३६. संक्रमणकालीन न्यायमा मुलतः चारवटा आयामहरु वा पीडितका अधिकार रहेका हुन्छन। पहिलो, सत्य उजागर जसअन्तर्गत द्वन्दका समयमा भएको मानव अधिकारको उल्लंघनका

---

[१२] नेपाल कानून पत्रिका २०७३ अंक ३ निर्णय नम्बर ९५५१

घटनाको छानबिन गरी सत्य तथ्य पहिचान गर्ने तथा पीडितले घटनाका बारेमा सत्यतथ्य थाहा पाउने अधिकारलाई संबोधन गर्ने कुरा पर्दछ। दोश्रो, अभियोजन जसमा द्वन्दकालमा मानव अधिकारको गंभीर उल्लंघनका घटनाहरुमा दोषि उपर सजायका लागि सक्षम अदालतमा अभियोजन गर्ने र अन्य सामान्य घटनामा पीडितको मन्जुरीमा मेलमिलाप गराइन्छ। तेस्रो, परिपूरण हो र यसमा पीडितको परिपूरण पाउने अधिकार हुन्छ। त्यसको प्रत्याभूति राज्यको दायित्व हुन्छ। परिपूरण बृहत अवधारणा हो। यो केबल आर्थिक क्षतिपूर्ति मात्र होइन। परिपूरण पीडितको सन्तुष्टिसंग गासिएको विषय हो। चौथो, द्वन्द पुन दोहरीन नदिने विषय रहेको हुन्छ। विगतमा भएको जस्तो द्वन्द दोहरिन नदिन आवश्यक संस्थागत र कानूनी सुधार, राज्यका नीति, कार्यक्रममा परिमार्जन जस्ता कुराहरु गर्नु पनि संक्रमणकालीन न्यायको आयामकै रुपमा रहन्छ। द्वन्दोत्तर मुलुकले सक्रमणकालीन न्यायका यिनै आयाम र मान्यतालाई आत्मसात गरी संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याई पीडितको न्यायको अधिकारलाई संरक्षण र प्रत्याभूत गर्नुपर्ने हुन्छ। द्वन्दबाट पीडित भएको व्यक्तिले न्याय पाउने अधिकार हो भने उनीहरुको न्यायको त्यो अधिकारलाई सार्थक बनाउने वा पुरा गर्ने राज्यको दायित्वको विषय हो। पीडितको न्याय याचनाको विषय नभई अधिकारको विषय हो। द्वन्दका पीडितको न्यायका सम्बन्धमा यस अदालतबाट **सुमन अधिकारी विरुद्ध प्रधान्मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भएको रिटमा** देहायको व्याख्या भएको छ।[११]

> **जनताको हक अधिकारको रक्षा गरी न्याय गर्ने प्रयोजनका लागि अदालतबाट विभिन्न महत्त्वपूर्ण अवसरमा जारी भएका निर्णय, आदेश एवम् निर्देशनहरु न्यायका सर्वोपरि आवश्यकता अनुरुप गरिएका हुँदा तिनको सम्मान गर्नु कानूनी राज्यको धर्म निर्वाहको अभिन्न अङ्गको रुपमा लिनुपर्ने संवैधानिक बाध्यता हो। ती निर्णय, आदेश, निर्देशनको उपेक्षा गरी अर्को अङ्गले बेग्लाबेग्लै वा विपरीत दिशामा हिँड्ने कोशिस गर्ने हो भने कानूनी राज्य सुचारू हुन सम्भव नहुने। यस अदालतबाट पटकपटक गम्भीर मानवअधिकार उल्लङ्घनका दोषीहरुलाई न्यायको दायरामा ल्याई पीडितलाई न्यायको महसुस गराउन र दण्डहीनता अन्त्य गर्न राज्यका नाममा आदेश जारी भैरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन गरिरहने प्रवृत्ति र संस्कृतिले विधिको शासनको मात्र अवमुल्यन गरेको होइन स्वयम् लोकतन्त्रकै खिल्ली उडाएको**

[११] नेपाल कानून पत्रिका २०७१ अंक १२ निर्णय नम्बर ९३०३

छ।

३७. यसरी नै गोविन्दप्रसाद शर्मा "बन्दी" विरुद्ध महान्यायाधिवक्ता मुक्ति नारायण प्रधान भएको रिटमा देहायको व्याख्या भएको छ।[१४]

> मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र,१९४८ को धारा ८ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध,१९६६ को धारा २ को उपधारा ३ ले मानव अधिकारको उल्लङ्घनको प्रभावकारी उपचारको सुनिश्चितता गर्ने अन्तर्राष्ट्रिय दायित्व सिर्जना गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध,१९६६ को पक्ष राष्ट्र भएकोले त्यस प्रकारको उपचारको सुनिश्चितता गर्नु नेपाल राज्यको दायित्व हुन आउँदछ। आफू विरूद्ध भएको अन्यायको उपचार खोज्न पीडित पक्ष पूर्णरुपमा सार्वभौम र स्वतन्त्र रहन्छन्। प्रचलित कानून र स्थापित न्यायिक मुल्य मान्यताका आधारमा उचित प्रक्रियाको अवलम्बन गरी पीडित पक्षले न्यायको अनुभूति गर्ने गरी फौजदारी कसूरको अनुसन्धान र अभियोजन गरिएन भने त्यस्तो समाजमा द्वन्द्वोत्तर व्यवस्थापनपश्चात् पनि दिगो शान्ति कायम हुन सक्दैन। द्वन्द्वकालका सबै पीडितहरुले रोजेको न्याय पाउनुपर्दछ। पीडितले भोग्नुपरेका सबै प्रकारका आहतहरुलाई न्यायको दायरामा ल्याउनुपर्दछ। यसका लागि पीडितले रोजेको न्यायप्रणालीमार्फत न्याय पाउने अवसरको सुनिश्चितता हुनुपर्दछ। यस्तो कार्यमा राज्य उदासीनरुपमा बस्न पाउँदैन।

३८. नेपालमा २०५२ साल फाल्गुण १ देखि २०६३ मार्गसम्म भएको सशस्त्र द्वन्दलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच मिति २०६३ साल मंसिर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो। यस सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख छ। यसरी नै नेपालको अन्तरिम संविधान,२०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनीहरुलाई राहत उपलब्ध गराउने कुराको संवैधानिक व्यवस्था गरिएको थियो।

[१४] नेपाल कानून पत्रिका २०७० अंक १२ निर्णय नम्बर ९०९१

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान,२०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको कममा मानव अधिकारको उल्लंघन बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नेसमेतका उद्देश्यले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग मिति २०७१ साल माघ २८ गते गठन भएको भएपनि यी आयोगहरुले आफुलाई तोकिएको जिम्मेवारी पूरा गरिसकेको अवस्था छैन। बरु यी आयोगहरुमा केही समय पदाधिकारीहरु नियुक्ति हुने र केही समय पदाधिकारी बिहिन हुने निराशाजनक अवस्था रहेको देखिन्छ। जसले गर्दा संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुराउने र पीडितको न्यायको अधिकारको संरक्षण गर्ने कुरामा राज्य संयन्त्रले अपेक्षाकृत कार्य गर्न नसकेको कुरा प्रतित भइरहेको छ।

३९. नेपालको संविधानको धारा ३०४ को उपधारा (२) मा *नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम शान्ति प्रक्रिया सम्बन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिने* व्यवस्था रहेको छ। यस व्यवस्थाले यस संविधानले शान्ति प्रक्रियाबारे अन्तरिम संविधान अन्तर्गत भएका कामको स्वामित्व ग्रहण गरेको र शान्ति प्रक्रियाका कामलाई संवैधानिक मान्यता प्रदान गरेको देखिन्छ। संक्रमणकालीन न्यायका कार्य प्रारम्भ भएको भएपनि त्यसले पूर्णता पाउन नसकेको अवस्था छ। फलतः द्वन्दबाट पीडितहरु लामो समयदेखि व्यग्रतापूर्वक न्यायको पर्खाइमा रहनु परेको कारुणिक अवस्था छ। उनीहरुको न्यायको अधिकारको संबोधनको विषय मृग मरिचिका जस्तै बनेको छ। उनीहरु आर्थिक, सामाजिक, सांस्कृतिक, मानसिक र कानूनी समस्याहरुबाट पनि आक्रान्त छन। मिति २०५२ साल फाल्गुण १ बाट सुरु भएको सशस्त्र द्वन्दका क्रममा पीडित भएका व्यक्तिहरुको न्याय संबोधित भईनसकेको र संक्रमणकालीन न्यायले पूर्णता पनि प्राप्त नगरिसकेको अवस्थामा त्यस्तो द्वन्द सुरु भएको दिनलाई गौरवपूर्ण मानी जनयुद्ध दिवस भनी सार्वजनिक बिदा दिने कार्यले त्यस्तो द्वन्दका कारण पीडित भएका व्यक्तिलाई थप पीडा दिने र आक्रान्त बनाउने अवस्था सिर्जना भएको देखिन्छ।

४०. संक्रमणालीन न्यायको पूर्णता प्राप्त हुँदा राज्यले पीडित लगायत सम्बद्ध सबै पक्ष र सरोकारवालाको सहमतिमा संविधान प्रतिकूल नहुने गरी यस्तो द्वन्दलाई कुनै रुपमा स्मरण गर्ने नीति अवलम्बन गर्न सक्छ तर संक्रमणकालीन न्यायले पूर्णता प्राप्त नगर्दै त्यसबाट

पीडित व्यक्तिहरुको पिडाप्रति उपेक्षा भाव दर्शाउँदै उनीहरुलाई थप पीडा पुग्ने गरी द्वन्दको सुरुवात गर्ने सीमित संख्याको चाखका आधारमा संविधान विपरीत हुने गरी कार्यकारिणी अधिकारको स्वेच्छाचारी रुपमा प्रयोग गरी बिदा दिने गरी भएको निर्णयले पीडितको न्यायको अधिकार र संक्रमणकालीन न्यायका संयन्त्रको कार्य तथा संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्यमा अवरोध पुग्ने हुन्छ।

४१. नेपालको संविधानको धारा २१ मा *अपराध पीडितलाई आफु पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने र अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने*मौलिक हकको प्रत्याभुत गरिएको छ। विवादित बिदाको निर्णयले संविधानले प्रदत्त गरेको धारा २१ मा रहेको अपराध पीडितको हकमा आघात पुगेको अवस्थासमेत छ।

४२. अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले *प्रत्येक व्यक्तिलाई अपराध निर्धारण गर्दा निष्पक्ष र स्वतन्त्र न्यायिक निकायबाट स्वच्छ तथा सार्वजनिक सुनुवाइ हुनेछ* भन्ने प्रत्याभूति गरेको छ।[१५] यसरी नै नेपालको संविधानको धारा २० मा *प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने* मौलिक हकको व्यवस्था गरेको छ। प्रत्येक व्यक्तिको स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक उसको आधारभूत मानवअधिकार हो। द्वन्दबाट पीडितहरुले पनि यस हकको निर्वाध उपयोग गर्न पाउनुपर्छ। द्वन्द पीडितको स्वच्छ न्यायको हकलाई संरक्षण, व्यवहारमा प्रत्याभूत र सुनिश्चितता गर्नु राज्यको दायित्व हुन्छ। यो राज्य नीतिको स्वविवेकीय विषय नभई बाध्यकारी दायित्व हो। नागरिकहरुलाई यस हकबाट वञ्चित गर्न मिल्दैन। यसरी जनयुद्ध दिवस भनी सरकारबाट दिएको बिदाले पीडितको स्वच्छ न्यायको अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले गरेको व्यवस्था र नेपालको संविधानले गरेको सो सम्बन्धी व्यवस्थासमेतको प्रतिकूल हुने देखिन्छ।

४३. माथिल्ला प्रकरणहरु विश्लेषण गरिएअनुसार द्वन्दबाट पीडितको न्यायको हकलाई तत्काल संबोधन गर्नुपर्नेमा विस्तृत शान्ति सम्झौता भएको १७ वर्षसम्म संबोधन नगर्ने तर पीडितहरुलाई थप पिडा पुग्ने गरी र मनोवैज्ञानिक रुपमा मुलुक विभाजित हुने गरी जनयुद्ध दिवसका नाममा सार्वजनिक बिदा दिने गरी गरिएको निर्णयलाई प्रत्यर्थीहरुले जिकिर

[१५] यस्ता कानूनमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १०; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा १४(१); बाल अधिकारसम्बन्धी महासन्धि, १९८५ को धारा ४० लगायतका मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि रहेका छन।

लिएजस्तो कार्यपालिकाको बुद्धिमता तथा कार्यक्षेत्रको संज्ञा दिई वैधता प्रदान गर्न मिल्ने देखिएन।

४४. संक्रमणकालीन न्यायका सन्दर्भमा यस अदालतबाट विभिन्न मुद्दामा गरिएको आदेश र मार्गदर्शनको पनि कार्यान्वयन हुन नसक्नु र संक्रमणकालीन न्यायले पूर्णता प्राप्त गर्न नसक्नु विडम्बनापूर्ण रुपमा लिनुपर्छ। यस परिवेशमा संक्रमणकालीन न्यायका सन्दर्भमा यस अदालतबाट भएका आदेश र मार्गदर्शनको बिना विलम्ब तत्काल कार्यान्वयन गरी शान्ति प्रक्रियालाई पूर्णता दिनु दिलाउनु भनी विपक्षी नेपाल सरकार मन्त्रिपरिषदसमेतलाई पुनः ध्यानाकृष्ट गराउन पनि आवश्यक र सान्दर्भिक हुने देखियो।

४५. चौथो प्रश्न अर्थात **जनयुद्ध दिवस भन्ने शब्दका सम्बन्धमा राष्ट्रिय रुपमा कुनै सहमति बनेको छ वा छैन?** भन्ने सम्बन्धमा हेर्दा प्रत्यर्थीहरुको लिखितजवाफबाट यस विषयमा द्वन्दबाट पीडित, राजनैतिक दलहरु तथा सरोकारवाला पक्षहरुबिच जनयुद्ध दिवस शब्दका विषयमा कुनै छलफल भएको र सहमति रहेको भन्ने देखिँदैन। बरु पहिलो संविधान सभाको संवैधानिक समितिको बैठक संख्या ७८ मिति २०६६।९।१० को बैठकले संविधानको परिच्छेद तीनमा जनयुद्ध शब्द थप गर्ने प्रस्ताव बहुमतबाट अस्वीकृत भएको देखियो। साथै, निवेदकले यस विषयम गंभीर आपत्ति जनाई प्रस्तुत रिट निवेदन दायर गरेको तथा यस विषयमा व्यापक विवाद र असन्तोष रहेको उल्लेख गरेको देखिन्छ। संक्रमणकालीन न्यायसम्बन्धी कानूनको परिमार्जनका लागि विधेयक संसदमा विचाराधिन रहेको विषय पनि बहसका कममा कानून व्यवसायीहरुले उल्लेख गर्नुभएको छ। यसरी संसदमा यस सम्बन्धी विधेयक विचाराधीन रहेको तर त्यहाँ यस विषयमा छलफल भएर सरकारलाई बिदा दिन मार्गदर्शन भएको अवस्था पनि छैन।

४६. कतिपय मुलुकमा सार्वजनिक बिदाको विषयमा विधायिकाले कानून नै निर्माण गरेको पनि पाइन्छ।[16] जनताको प्रतिनिधिमूलक संस्था संसदमा व्यापक र सुविचारित रुपमा छलफल गरी राष्ट्रिय रुपमा सहमति भई त्यसले कुनै मार्गदर्शन दिएको तथा पीडितको चाख र सरोकार संबोधन भई उनीहरुको पनि सहमति भएको तथा उनीहरुको पीडालाई पनि समन र सम्मान गरी संविधान प्रतिकूल नहुने गरी सबै पक्षको स्वामित्वभाव र स्वीकार्यता हुने गरी सन्तुलित रुपमा कुनै दिनको स्मरण गर्ने कुनै उपाय अवलम्बन गरिएको भए फरक अवस्था पनि हुन सक्दथ्यो। परन्तु, यी कुनै पनि कुराको विद्यमानता नभएको तथा

[16]उदाहरणका लागि अमेरिकामा 5 U.S. Code § 6103 दक्षिण अफ्रिकामा Public Holidays Act,1994

संविधानको व्यवस्था, मर्म र मुल भावना प्रतिकूल रहेको अवस्थामा विवादास्पद बिदा दिने कार्यलाई न्यायपूर्ण, स्वच्छ, विवेकपूर्ण, औचित्यपूर्ण, जायज र न्यायिक मान्न सकिएन।

४७. अब अन्तिम प्रश्न अर्थात **निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?** भन्ने सम्बन्धमा हेर्दा, माथिल्ला प्रकरणहरुमा विश्लेषण गरिएअनुसार सशस्त्र द्वन्द्वपश्चात भएको विस्तृत शान्ति सम्झौतामा "जनयुद्ध" भन्ने शब्द प्रयोग नभई "सशस्त्र द्वन्द्व" भन्ने शब्द प्रयोग भएको देखिन्छ। नेपालको संविधान निर्माण गर्ने क्रममा संविधानसभाको संवैधानिक समितिमा मिति २०६६।९।१० मा छलफल हुँदा "जनयुद्ध शब्द थप गर्ने" भन्ने प्रस्ताव वहुमतबाट अस्वीकृत भएको देखिन्छ। नेपालको वर्तमान संविधानमा समेत जनआन्दोलन, सशस्त्र संघर्ष जस्ता शब्दहरु प्रयोग भएको पाइन्छ। "जनयुद्ध" भन्ने शब्द प्रयोग कै विषयमा **सुमन अधिकारीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदसमेत भएको रिट निवेदनमा**[१७] **सशस्त्र द्वन्द्वबाट पीडितलाई निजको इच्छा विरुद्ध माओवादी जनयुद्धबाट पिडित भन्नु विरोधाभाषपूर्ण हुने, यसबाट पीडित झन पीडित बन्न जाने देखिन्छ** भन्ने उल्लेख भएको पाइन्छ। संविधानसभाबाट निर्माण भई जारी भएको नेपालको संविधानले मुलुकमा दीगो शान्ति कायम राख्ने लक्ष्य लिएको र वर्तमान संविधानलाई राष्ट्रिय सहमतिको दस्तावेज मान्नुपर्ने भएबाट संविधानमा नै प्रयोग नभएको शव्दहरुको सम्बन्धमा राष्ट्रिय सहमति बनिसकेको रहेनछ भन्ने बुझ्नुपर्ने हुन आयो। संक्रमणकालीन न्यायको सन्दर्भमा यस अदालतको संवैधानिक इजलास लगायत विभिन्न इजलासबाट भएका फैसलाहरुले पीडितहरुको न्याय पाउने हकलाई स्थापित गरेको अवस्थासमेत रहेको छ भने वर्तमान संविधानको धारा २० र २१ को व्यवस्थासमेतबाट स्वच्छ न्याय र पीडितको न्याय पाउने हक अक्षुण रहेको स्थिति छ। यी निवेदकहरुले आफुलाई सशस्त्र द्वन्द्वको पीडित हौं भनी दाबी गरेको अवस्थासमेत देखिन्छ।

४८. हाल शान्ति प्रक्रिया तथा संक्रमणकालीन न्याय सम्वन्धी विषय टुङ्गो लागि नसकेको, सो सम्बन्धी विधेयक संसदमा विचाराधीन रहेकोसमेत सन्दर्भमा र नेपालको संविधानको प्रस्तावना र धारा २०, धारा २१ तथा धारा ४२ को उपधारा (५) को शब्द, मर्म र भावना विपरीत एवम धारा ३०४ को उपधारा (२) बमोजिम शान्ति प्रक्रियाको सबै कार्यहरु सम्पन्न हुन बाँकी रहेको अवस्थामा सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था अर्थात संसदद्वारा सुविचारित तवरबाट छलफल र निर्णय नगरी निवेदकहरुसमेतको भावनामा चोट

[१७] नेपाल कानून पत्रिका २०७३ अंक ६ निर्णय नम्बर ९६१२

पर्ने र संक्रमणकालीन न्यायको कार्यमा संलग्न संस्थाका भावी कार्यहरुमा समेत प्रभाव पर्ने गरी कार्य गर्नु वाञ्छनीय देखिएन। साथै नेपालको संविधानको मुल भावना विपरीत निर्णय गर्ने आधिकार संविधानको धारा ७५ ले मन्त्रिपरिषदलाई दिएको सम्झन नमिल्ने हुँदा जनयुद्ध दिवसको अवसरमा भनी देशभर सार्वजनिक बिदा दिने नेपाल सरकारको मिति २०७९।१०।२९ को निर्णय र यस वर्षमा समेत मिति २०८०।११।१ गते सोही बिदा दिने भन्ने निर्णय तथा नेपाल राजपत्र भाग ५ खण्ड ७२ संख्या ६५ मिति २०७९।१२।२ मा प्रकाशित सूचना एवम सो सन्दर्भमा विभिन्न प्रदेश सरकारबाट भएका निर्णय र सूचनाहरुसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। अरुमा तपसिल बमोजिम गर्नू।

तपसिल

१. मिति २०८०।११।१ को सार्वजनिक बिदा उत्प्रेषणको आदेशले बदर भएको हुँदा आदेश कार्यान्वयनका गर्नु गराउनु भनी प्रस्तुत आदेशको प्रतिलिपि सहितको सूचना महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई तत्काल दिनू।
२. यस आदेशको प्रतिलिपि यस अदालतका मुख्य रजिष्ट्रारलाई दिई सबै अदालतमा मिति २०८०।११।१ को सार्वजनिक बिदा उत्प्रेषणको आदेशले बदर भएको परिपत्र गर्न लगाउनू।
३. प्रस्तुत रिट निवेदन विद्युतीय प्रणालीमा प्रविष्ट गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश
(महेश शर्मा पौडेल)

उक्त रायमा म सहमत छु।

न्यायाधीश
(डा. आनन्दमोहन भट्टराई)

इजलास अधिकृतः दिप्ती पौडेल
कम्प्युटर अपरेटरः रेखा भट्टराई
इति सम्वत २०८० साल पौष महिना १३ गते रोज ६ शुभम्.................................।